बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनीबजार, म्याग्दी
स्थापना: २०७३

गण्डकी प्रदेश, नेपाल

मिति:- २०७५ /०९/२७

प.सं. ०७५/७६
च.नं. ९५९

## युवा प्रतिभा पहिचान कार्यक्रममा सहभागिताका लागि निवेदन दिने सूचना ।

राष्ट्रिय युवा परिषदको सशर्त अनुदान अर्न्तगत चालु आ.व२०७५/२०७६ को स्वीकृत कार्यक्रम युवा प्रतिभा तथा उद्यमीको खोजी र उनिहरुको कार्यलाई प्रोत्साहन अर्न्तगत जिल्लास्तर युवा प्रतिभा पहिचान कार्यक्रम अन्तर्गत उद्यम परियोजना प्रस्ताव लेखन तथा प्रस्तुतिकरण प्रतियोगितामा सहभागि हुनका लागि १६-४० बर्ष उमेर समूहमा पर्ने इच्छुक युवाले देहायअनुसार आवेदन दिनुहुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१ उद्यम परियोजना प्रस्ताव लेखन तथा प्रस्तुतिकरण प्रतियोगितामा आवेदन गर्ने सम्बन्धी जानकारी

क उमेर समूह :- १६-४० बर्ष उमेर समूहमा पर्ने इच्छुक युवा

ख पेश गर्नुपर्ने कागजातहरु :- नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,आफूले तयार पारेको प्रस्तावित उद्यम परियोजना SOFT र HARD प्रति

ग उद्यम परियोजना प्रस्ताव पेश गर्ने तरिका :- सम्पर्क विवरण खुलेको निवेदनका साथ प्रतियोगीको हस्ताक्षरबाट प्रमाणित गरेको नेपाली भाषामा लेखिएको उद्यम परियोजना प्रस्ताव पेश गर्नुपर्ने ।

घ पेश गर्नुपर्ने स्थान र मिति :- बेनी नगरपालिकामा २०७५ माघ १७ गते सम्म ।

ङ उद्यम परियोजना प्रस्ताव लेखन स्वयंले लेखि प्रत्येक पानामा दस्तखत गरी बेनी नगरपालिकामा बुझाउनु पर्ने छ र प्रस्तावको सारांश १५ मिनेटमा प्रस्तुतिकरण गर्नुपर्ने छ ।

च जिल्लास्तरको प्रतियोगितामा प्रथम,द्धितीय,तृतीय र सान्त्वना स्थान प्राप्त गर्ने प्रतियोगीलाई नगद पुरस्कार तथा प्रमाण पत्रको ब्यवस्था गरिने छ ।

छ जिल्लास्तरको प्रतियोगितामा प्रथम हुने एकजनालाई प्रदेशस्तरको प्रतियोगितामा सहभागी हुन पठाईने छ ।

ज म्याद नाघी आएको प्रस्ताव स्वीकार गरिने छैन ।

२ जिल्लास्तर प्रतियोगिता सञ्चालन हुने स्थान र मिति :- बेनीनगरपालिकामा २०७५ माघ २१ गते ।

यस सम्बन्धी बिस्तृत जानकारी राष्ट्रिय युवा परिषदको बेबसाइट www.nyc. gov .np हेर्नुहुन समेत सूचित गरिन्छ ।

उद्यम परियोजना प्रस्ताव लेखन तथा प्रस्तुतिकरणको निबेदन फाराम यस कार्यालयको युवा खेलकुद तथा शिक्षा शाखाबाट उपलब्ध हुने छ ।

प्रमुख प्रशासकीय अधिकृत

नगरपालिका चोक, बेनीबजार, म्याग्दी, फोन नं. ०६९-५२१०९५/ ५२०१२०,फ्याक्स नं. ०६९-५२१०९५
इमेल:benimunicipality@gmail.com,फेसबुक:www.facebook.com/hellobenimun
वेभसाइट: www.benimun.gov.np